# बिपन्न नागरिक कोष

आर्थिक रुपले विपन्न नागरिकलाई नेपाल सरकारले सहयाता दिनका लागि स्थापना गरेको कोषको सेवाको विवरण

नागरिक राहत,क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि प्रथम संशोधन २०७१ को दफा १३ मा रहेको विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता उपलव्ध गराउन नेपाल सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत एक छुट्टै कोष स्थापना गरेको छ । उक्त कोषको संचालन गर्न नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले यो विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका संशोधित, २०७१ वनाई लागू गरेको छ

## विपन्न नागरिक कोषबाट उपलब्ध सुविधाहरु

आर्थिक रुपले विपन्न नागरिकलाई मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी र ड्डसिकलसेल एनिमिया रोग लागि नेपाल वा विदेशमा गई उपचार गराउंदा वढीमा १ (एक) लाख रुपैयासम्म औषधि उपचार खर्च प्रदान गर्न सकिनेछ । यस अघि यसै प्रयोजनको उपचार सेवा प्राप्त गरिसकेका तर सो औषधोपचार वापतको आर्थिक सहायता प्राप्त गरि नसकेको हकमा आवश्यक कागजात पेश गरेको अवस्थामा समितिको निर्णय वमोजिम रु। १ (एक) लाख सम्म औषधि उपचार वापत आर्थिक सहायता प्रदान गर्न सकिने छ ।

| **क्रम नं** | **रोग** | **सुविधा** |
|---|---|---|
| १ | मृगौलाका सम्बन्धमा | क) स्वदेशमा मृगौला प्रत्यारोपण गर्ने भएमा अस्पताल मार्फत रु २ लाख छुट,<br>ख) हेमोडायलासिस २०८ सेसन निःशुल्क<br>ग) पेरिटोनियल डायलासिस २ वर्ष सम्म निःशुल्क ।<br>घ) मेडिकल वोर्डको सिफारिशमा विदेशमा गई मृगौला प्रत्यारोपण गरेमा रु २ लाख रप्रत्यारोपण पश्चात औषधि सेवनका लागि रु १ लाख सम्बन्धित विरामीबाट विलभपाई लिईनगदैउपलब्ध गराइनेछ |
| २ | मुटु, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी रसिललसेल एनिमिया रोगका सम्बन्धमा | माथी उल्लेख गरिएका रोगको स्वदेशमा उपचार भएमा अस्पताल मार्फत रु. १ लाख वरावरको औषधि उपचार सेवानिःशुल्क । विदेशमा उपचार गर्नुपर्ने भएमा रु १ लाख उपचार पश्चात सम्बन्धित विरामीलाई विलभर्पाइ लिई नगदै भुक्तानी दिईनेछ तर विदेश गई उपचार गर्नुपर्नेभएमा मेडिकल बोर्डको सिफारिश अनिवार्य हुनुपर्नेछ। |
| ३ | अल्जाइमर्सर पार्किन्ससकोविरामीहरुको उपचारका लागि | विल भपाई लिई रु १ लाख सम्म नगद भुक्तानी दिइनेछ । |

## अन्य सर्तहरुस्

१ नेपालमा उपचार सेवा सम्भव भएको अवस्थामा नेपालमा नै उपचार गराउनु पर्नेछ र यसो गर्दा सम्भव भएसम्म सरकारी अस्पतालमा उपचार गर्नु पर्नेछ यदि सो सम्भव नभएमा मात्र सरकारी अस्पतालले प्रेषण गरेको तथा मेडिकल वोर्डको सिफारिसमा निजी अस्पतालमा उपचार गराउन सक्नेछ ।

२ विदेशमा गई उपचार गराउन पर्ने अवस्था भए स्वदेशमा उपचार गर्ने सरह आवश्यक कागजातका साथै नेपाल मेडिकल वोर्डको सिफारिस अनिवार्य हुनेछ ।

३ विदेशबाट उपचार गराएमा अस्पतालहरुको विल अनुसार मृगौला प्रत्यारोपण भएमा रु. २ (दुई) लाख र तोकिएका अन्य रोगको उपचारको हकमा रु १ (एक) लाखमा नबढने गरी समितिको निर्णय वमोजिम सोधभर्ना दिन सक्ने छ ।

## कडारोगको उपचार सहुलियतका लागि विपन्न नागरिकहरुले देहाय बमोजिमको प्रकृया पुर्याउनु पर्नेछ ।

***विपन्न नागरिकले उपचार सेवा लिन आवश्यक कागजात र प्रक्रिया***

१ स्थानिय निकाय, म.न.पा., वडा वा गा.वि.स. बाट आर्थिक अवस्था कमजोर भएको विपन्नताको सिफारिस,

२ चिकित्सकको प्रिस्कृप्सन,

३ नागरिकताको प्रतिलिपी वा नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपी

४ माथीका कागजातहरु सहित निवेदन लेखि जिल्ला जन÷स्वास्थ्य कार्यालयमा पेश गर्ने र तहाँबाट जिल्लास्तरिय सिफारिस समितिको निर्णयको प्रतिलिपी सहित सूचिकृत अस्पतालमा उपचार सहुलियतका लागि सिफारिस लिने र सो सिफारिस लगेर आफुले उपचार गर्र्ने अस्पतालमा सहुलियतका लागि सम्पर्क गर्ने ।

## विपन्न नागरिक कोषबाट सहायता उपलब्ध हुने रोगहरु

मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी र ड्डसिकलसेल एनिमिया

| सि.नं. | स्वास्थ्य संस्थाहरुको नाम, ठेगाना | रोगको नाम |
|---|---|---|
| १ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, महाबौद्ध, काठमाण्डौ | क्यान्सर, मृगौला, मुटु, पार्किन्सस, अल्जाईमर, हेड ईन्जुरी र स्पाईनल ईन्जुरी |
| २ | त्रि.वि.शिक्षण अस्पताल, महाराजगन्ज, काठमाण्डौ | क्यान्सर, मृगौला, मुटु, पार्किन्सस, अल्जाईमर, हेड ईन्जुरी र स्पाईनल ईन्जुरी |
| ३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, लगनखेल, ललितपुर | क्यान्सर, मृगौला, मुटु, पार्किन्सस, अल्जाईमर, हेड ईन्जुरी र स्पाईनल ईन्जुरी |
| ४ | वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | क्यान्सर, मृगौला, मुटु, पार्किन्सस, अल्जाईमर, हेड ईन्जुरी र स्पाईनल ईन्जुरी |
| ५ | परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, थापाथली, काठमाण्डौ | क्यान्सर |
| ६ | शहीद गंगालाल हृदय रोग उपचार केन्द्र, बाँसवारी, काठमाण्डौ | मुटु |
| ७ | निजामति कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौ | क्यान्सर, सिकलसेल एनिमिया |
| ८ | कान्ति बाल अस्पताल, महाराजगन्ज, काठमाण्डौ | क्यान्सर |
| ९ | मनमोहन कार्डियोथोरासिस भाष्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगन्ज, काठमाण्डौ | मुटु |
| १० | वि.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन | क्यान्सर |
| ११ | मानव अङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर | मृगौला |
| १२ | पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखरा, कास्कीर | हेमोडाइलाइसिस |
| १३ | नारायणी उप–क्षेत्रिय अस्पताल, वीरगन्ज, पर्सा | हेमोडाइलाइसिस |
| १४ | राप्ती उप–क्षेत्रिय अस्पताल, घोराही, दाङ्ग | सिकलसेल एनिमिया |
| १५ | कोशी अञ्चल अस्पताल, विराटनगर, मोरङ्ग | हेमोडाइलाइसिस |